त्रिभुवन विश्वविद्यालय बाट सम्बन्धन प्राप्त

सामुदायिक क्याम्पस

जनप्रकाश बहुमुखी क्याम्पस

पोखरा-२९, कास्की

JANAPRAKASH MULTIPLE CAMPUS
J P M C
Pokhara-29, Bhandardhik, Kaski

पाँचं वर्षे रणनीतिक योजना

(२०७९-२०८४)

# Five Years Srategic Plan

# (2022-2026)

September 1, 2022

# खण्ड-एक
## संस्थागत परिचय

वि.सं. २०६२ साल असाढ २३ गते श्री जनप्रकाश बहुमुखी क्याम्पस व्यवस्थापन समितिले यस क्षेत्रमा स्नातक तहको क्याम्पस संचालन गर्न आवश्यक ठानी स्थानीय बुद्धिजीवी, समाजसेवी, शिक्षासेवीहरुको भेलाद्वारा निर्णय भई यस जनप्रकाश बहुमुखी क्याम्पसको स्थापना गर्न बान्छनिय भएकाले यस क्षेत्रमा क्याम्पस स्थापना गर्ने प्रस्ताब त्रिभुवन बिश्वबिद्यालयमा पेश भएको हो । मिति २०६२ श्रावण १८ गते त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट निर्णय भई २०६२।४।२६ गते व्यबस्थापन संकायको सम्वन्धन प्राप्त गरी यस क्याम्पसले आफ्ना शैक्षिक कार्यक्रमहरु अघी बढाएको छ । त्यस्तै मिति २०६२ साल भाद्र २० गते व्यवस्थापन संकाय अन्तर्गत बी.बी.एस. कार्यक्रमको सम्वन्धन प्राप्त गरी अध्यापन गराउन सुरु गरेको यस क्याम्पसले सर्वशुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । यस क्याम्पसमा पोखरा-लेखनाथ बरपरका क्षेत्रसाथै कास्की को पुर्बीक्षेत्र , स्याङ्गजा, तनहुं, लम्जुङ्ग, बाग्लुङ्ग आदि जिल्लाबाट आएका विद्यार्थीहरुले शिक्षा लिइ रहेका छन् । नाफा रहित उद्देश्यका साथ सामुदायिक क्याम्पसको रुपमा स्थापित यस क्याम्पसले विश्वविद्यालयल अनुदान आयोगबाट नियमित लगायत भौतिक पूर्वाधार विकासमा विभिन्न अनुदानहरु प्राप्त गरिरहेको छ । यस क्षेत्र ग्रामीण क्षेत्रको परिबेसमा रहेको र शहरीकरण उन्मुख भएकोले विशेष गरी कृषक, मजदुर तथा न्यून आय भएका परिवारका विद्यार्थीहरुले नै यस क्याम्पसमा अध्ययन गर्दै आएका छन् । क्याम्पसलाई आफ्नै जग्गा जमिन तथा भौतिक संरचनाको आवश्यकता महशुस गरी यस क्याम्पसको नाममा भोकाधिकार हुने तात्कालिन लेखनाथ नगरपालिका बाट भोकाधिकार प्राप्त भएको छ । हाल उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग र नेपाल सरकार तथा बिभिन्न निकाय हरुको सहयोगमा अनुदान प्राप्त गरी भुई तला र प्रथम तलामा का दुई तलाबाट जम्मा १४ कोठा तयार भई अध्ययन अध्यापन सुचारु रहेको छ । ती ।

जनप्रकाश बहुमुखी क्याम्पसले Quality Education for All भन्ने नाराका साथ गुणस्तरीय शिक्षा प्रदान गर्दै समाजमा सर्बसुलभ शिक्षा प्रदान गरेको छ । क्याम्पसको बिगत देखीको परिचय र बिकास निम्नानुसार छ ।

नाम : जनप्रकाश बहुमुखी क्याम्पस

ठेगाना : पोखरा महानगरपलिका - २९, भण्डारढिक, कास्की

स्थापना मिति :२०६२/०४/२६ कक्षा संचालन मिति: २०६२/०५/२०

जग्गा सिफारिस प्राप्ती : २०६८।१२।२८ जग्गा को भोकाधिकार : २०६८।१२।३०

भवन को शिलान्यांस: २०७०।०३।१७ सोमबार बिहान ९.४५

आफ्नै भवनमा कक्षा संचालन : २०७३।७।२२ बुधवार

भवनको उद्घाटन: २०७३ पौष २९ गते शुक्रबार

| संकाय | तह | स्वीकृति मिति | सम्बन्धन दिने निकाय | कैफियत |
|---|---|---|---|---|
| व्यवस्थापन | स्नातक तह, (बी.बी.एस) | २०६२ ०४ २६ | त्रिभुवन विश्वविद्यालय | चार वर्ष |

भौतिक पूर्वाधार

१. जग्गा जमिन :

- आफ्नो स्वमित्वमा भोकाधिकार भएको करिब १० रोपनी जग्गा

२. भवन : दुइतदा भवन सम्पन्नभई संचालनमा रहेको

३. अन्य :

- भलिवल, ब्याटमिन्टन लगायतका खेल मैदान
- शुद्ध खानेपानी
- Rest Room हरुको व्यवस्था
- Boys & Girls Changing Room को ब्यवस्था

४. विद्यार्थी संख्या :

- बी.बी.एस् तर्फ ४१५

५. जनशक्ति :

- शिक्षक संख्या १४ जना
- कर्मचारी संख्या ३ जना

६. अतिरिक्त क्रियाकलाप :

- प्रत्येक वर्ष खेलकुद सप्ताह कार्यकम आयोजना गर्ने । क्याम्पसले तोके बमोजिम हुने ।
- बौद्धिक कार्याक्रम(हाजिरी जवाफ, उधोग तथा ब्यपार सम्बन्धी छलफल का सेमीनार सन्चा गर्ने लक्ष्य र उद्धेस्य रहेको ।

## खण्ड-दुई
## सँस्थागत अवस्था विश्लेषण

आजभन्दा १८ वर्ष पहिले स्थापित यस क्याम्पसमा आफ्नै सवल र दुर्वल पक्षहरु अझपनि विद्यमान रहेका छन् । यसका सवल पक्षहरुलाई बचाउदै सम्भावना प्रति अग्रसर हुनुपर्ने आजको वास्तविकता हो । यस कारण क्याम्पसका अवसर ,सम्भावना र चुनौतिहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.१ सवल पक्षहरु

- आफ्नै स्वमित्वमा रहेको जग्गा जमिन र सुबिधा सम्पन्न भवन,
- पर्याप्त कक्षाकोठा, फर्निचर, स्टाफ कक्ष, शौचालय, खेलकुद मैदान, पार्किङ सुविधा
- क्याम्पसका आफ्नै पूर्णकालीन शिक्षक तथा कर्मचारीहरू
- क्याम्पसको आफ्नै विधान, विनियमद्वारा संचालन क्याम्पस
- प्राध्यापक तथा कर्मचारीहरुलाई वृत्ति विकासका लागि समय सापेक्ष तालिम तथा गोष्ठीहरुमा सहभागिताको अवसर साथै पदोन्नतिको व्यवस्था,
- पर्याप्त अध्ययन कक्ष समेतको पुस्तकालयमा करिव ५०२७ पुस्तकहरु,
- अतिरिक्त क्रियाकलापको समुचित प्रवन्ध भएको
- त्रि.वि. संग नवाझिने गरी तयार गरिएको क्याम्पसको आफ्नै शैक्षिक क्यालेण्डर, प्रोस्पेक्टस,
- प्राज्ञिक उन्नयनका लागि क्याम्पसका शिक्षकहरुबाट नियमित जर्नल प्रकाशनगर्ने लक्ष्य
- क्याम्पस भित्र राजनैतिक, विवाद, पूर्वाग्रह नहुनु
- क्याम्पसको सर्वाङ्गीण विकासका लागि प्रतिवद्ध, सामाजिक, प्राज्ञिक व्यक्तिहरु सहभागी भएको संचालक समिति,
- त्रि.वि.द्वारा लिइने वार्षिक परीक्षामा उत्कृष्ट शैक्षिक नतिजा तथा त्रि.वि.को औसत उत्तीर्ण प्रतिशत भन्दा राम्रो नतिजा हासिल गर्न सफल,
- प्रशासनिक तथा लेखा कार्य कम्प्युटर सफ्टवयरको प्रयोग गरी सु-व्यवस्थित गरिएको,
- विद्यार्थीहरुको बुझाइ तथा मूल्याङ्कनका लागि आन्तरिक परीक्षाको व्यवस्था,
- शिक्षण सिकाइलाई प्रभावकारी बनाउका लागि पाठ्यक्रम अनुसार मल्टिमिडिया प्रोजेक्टरबाट अध्यापन,
- अतिरिक्त ज्ञानका लागि इन्टरनेट सहितको कम्प्युटर ल्याव,
- अङ्ग्रेजी तथा नेपाली माध्यमका कक्षाहरु,
- दक्ष तथा अनुभवी प्राध्यापकहरु,
- शान्त र रमणिय स्थानमा अवस्थित क्याम्पस,
- क्याम्पसका सरोकारवाला तथा विभिन्न दातृनियकाहरुबाट सहयोग सद्भाव प्राप्त
- विद्यार्थीहरुको नेतृत्व विकास र प्रतिभाहरुलाई प्रस्फुटनका लागि विद्यार्थीहरुबाट मञ्चको गठन गरी सामाजिक, बौद्धिक लगायतका अतिरिक्त क्रियाकलपाहरुको संचालन

## २.२ कमजोर पक्षहरु

- जग्गाको लालापुर्जा नभएको
- विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको लागि क्याम्पस हाताभित्र आफ्नै स्वामित्वको चमेना गृह को अभाव रहेको
- पर्याप्त जग्गा जमिनको अभावमा खेल मैदानको बिकासगर्न नसकेको
- छात्रावासको व्यवस्था गर्न नसकिएको,
- MBS र Hotel Management सचालन गर्ने लक्ष्य भएतापनी भवन को अभावमा कार्य अगाडी नबढेको
- क्याम्पसको जगेडा कोष स्थापना र संचालन गर्न नसकिएको

## २.३ अवसर र सम्भावनाहरु

- शैक्षिक कार्यक्रम विस्तार अन्तगर्त विभिन्न संकाय तर्फ थप विषयहरु संचालन गर्न सकिने,
- स्नातकोत्तर तहका विभिन्न संकायका कार्यक्रमहरु संचालन गर्न सकिने,
- प्राज्ञिक उन्नयनका लागि विभिन्न अध्ययन अनुसन्धानमुलक कार्यशाला गोष्ठीहरु संचालन गरी शैक्षिक गुणस्तरलाई थप मजबुत गर्न सकिने,
- निरन्तर आर्थिक स्रोतको रुपमा संरक्षक संस्थाबाट सहयोग प्राप्त गर्न सकिने,
- क्याम्पसको आफ्नै सुविधायुक्त खेलमैदान (फुटवल, क्रिकेट) नभएता पनि नजिकै रहेको आर्दश युवा क्लब ले संरक्षण गरेको खेल मैदान / कवर्डहल का लागी क्लब संग सम्झौत गरी खेल कार्यक्रमहरु संचालन गर्न सकिने.

## २.४ चुनौतिहरु


- क्याम्पसमा हाल संचालित संकायहरुमा विदयार्थीहरुको आकंषणमा कम हुनु,
- विदेशी विश्वविद्यालयहरुबाट सम्बन्धन प्राप्त निजी क्याम्पसहरुको अस्वस्थ प्रतिशपर्धा,
- भौतिक संरचना निर्माण तथा शैक्षिक कार्यक्रम विस्तारका लागि प्रर्याप्त आर्थिक जगेडा कोष नहुनु,
- सुविधायुक्त छात्रावासको व्यवस्था गर्न नसकिएको,

## २.५ संस्थागत विकासका लागि प्राथमिकताका क्षेत्रहरु

- संस्था सुदृढीकरण र सुशासन
- शैक्षिक कार्यक्रम विस्तार र गुणस्तर वृद्धि
- सुविधा सम्पन्न भौतिक संरचना निर्माण कार्यलाई सम्पन्न तथा विस्तार
- विद्यार्थीको पहुँच तथा सुविधामा वृद्धि
- अनुसन्धान मुलक जर्नल प्रकाशन, अभिलेखीकरण कार्यसंचालन,
- दिगो आर्थिक स्रोतको व्यवस्थापन,
- सरोकारवाला पक्ष र संस्थाहरुसंग सुमधुर सम्वन्ध विस्तार,
- मानव संशाधन व्यवस्थापनका लागि आवश्यक तालिम, क्षमता बृद्धि कार्यक्रम

➢ एम बि एस र होटल व्यबस्थापन संचालन गर्ने

## खण्ड-तीन
## क्याम्पसको प्रशासनिक ढाँचा




### ३.१ क्याम्पसमा सञ्चालित कार्यक्रम तथा विषयहरु

स्थापना काल २०६२ सालमा २६ जना विद्यार्थीबाट सञ्चालन भएको यस क्याम्पसमा हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातक तहका कार्यक्रमहरु संचालन भइरहेका छन् । जस अन्तर्गत व्यवस्थापन संकायतर्फ चार वर्षे बी.बी.एस कार्यक्रममा वित्तशास्त्र, लेखाशास्त्र र बजारशास्त्र विषयमा भैरहेको छ ।

### ३.२ क्याम्पसको भौतिक अवस्थावारे संक्षिप्त जानकारी

यस क्याम्पसले स्थापनाकालदेखि करीब एधार बर्ष जनप्रकाश उच्च मा बि को भवनमा कक्षा संचलन गर्दै आएको थियो । २०७३ सालको कार्तिकमा आफ्नै स्वामित्वमा रहेको यसै भवनमा आफ्ना शैक्षिक एवं प्रशासनिक कामकाजहरू गर्दै आएको छ । विभिन्न निकायहरुसमक्ष अनुदान सहयोगका लागिपनि क्याम्पसको आफ्नै भोकाधिकार रहेको स्वामित्वमा जग्गा हुनुपर्ने यथार्थलाई मनन् गरी यस क्याम्पसले जनप्रकाश मा.बि को सहमती तथा सिफारीसमा सोही विध्यालयले भोगचलन गर्दै आएको कि नं ८९१ को चर्चेको जग्गाको हक छाडी क्याम्पसलाई हक दर्ताका बखत जनप्रकाश बहुमुखी क्याम्पसका नाममा दर्ता हुनेगरी हक हस्तान्तरण गरे अनुसार तात्कालिन लेखनाथ नगरपालिका ( हालको पोखरा

महानगरपालिका ) ले भोकाधिकार दिएको जग्गामा संचालनमा रहेको कुरा सर्वविदितै छ । उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग, स्थानिय बिकास मंत्रालय, तात्कलिन लेखनाथ नगर पालिका कार्यलय, सांसद बिकास कोष को रकम जिल्ला बिकास समिती कास्की मार्फत, स्थानिय चन्दा सहयोग तथा आन्तरिक स्रोतको परिचालनबाट प्राप्त अनुदान रकम खर्चगरी सुबिधा सम्पन्न भवन निर्माणाधिन अबस्थामा छ ।

**बिध्यमान अबस्थामा क्याम्पसमा रहेको भौतिक पुर्बाधारको उपयोग**

१. पठन पाठनहुने कक्षाकोठा ९.

२. लेखाशाखा समेतको कोठा १, बिभिन्न सेलयुनिट हरुको क्याबिनेट ३

३. लाईब्रेरी १ (कम्पुटर सहितको लाईब्रेरी)

४ क्याम्पस प्रमुख को कोठा एक ( क्याम्पस संचालक समिति समेत)

५. सहायक क्याम्पस प्रमुख क्यबिनेट १, स्टाफ क्यबिनेट १, बिभागिय प्रमुखहरुकौ क्याबिनेट १

५. सभाहल १

माथीको भौतिक संरचनाले क्याम्पसको लक्ष्य र उद्धेस्य लाई पुरा गर्न नसक्ने भएकोले भबिस्यमा क्याम्पस ले MBS, BHM/ BTTM आदी संचालनको लागी नपुग देखिन्छ । त्यसका लागी MBS, BHM, BTTM संचालन गर्न- क्याम्पसले आगामी १० बर्ष भित्रमा यसै भवनमा दुईतला थप गर्ने लक्ष्य लिएको छ ।

प्रस्तावित चौथोतला सम्म को भवनको क्षमता

| | | | |
|---|---|---|---|
| बिध्यार्थीहरुको लागी पठन पाठन कक्षा कोठा | १४ | लेखाशाखा | १ |
| अडिटोरिएम हल | १ | सहायक क्यामपस प्रमुख कोठा | १ |
| सन्चालक समितिको कोठा | १ | अनुसन्धान तथा बिकास, जर्नल प्रकासन, का लगी | १ |
| लाईब्रेरी | २ | कम्पुटर ल्याब | १ |
| सेमिनारहल | १ | स्टोर | १ |
| प्राध्यापक तथा कर्मचारीहरुको लागी कोठा | १ | इकाई तथा सेलका लागी पार्टेसन कोठा | १ |
| जम्मा | | २६ | |

तर हालको क्याम्पस भवन बिध्यालय परिसरमा समेत रहेको हुदा BHM, BTTM र अन्य प्राबिधिक तथा स्वरोजागार मुलक बिषयहरु संचालन गर्न यो ठाऊ उपयुक्त नहुने तथा पर्याप्त समेत नहुनेहुदा नेपाल सरकार, प्रदेश सरकार वा स्थायिन सरकार वा चन्दादाताहरु संग क्याम्पसको लागी जग्गा माग गर्ने नीति लिएर यी बिषय वा संकायहरु जनप्रकाश बहुमुखी क्याम्पसको नाममा उपयुक्त ठाऊहरुमा संचालन गर्ने लक्ष्य लिईएको छ ।

Proposed Class room and other facilities in campus Building

| | | | | |
|---|---|---|---|---|
| Hall | | Store | Examination | Research |
| | | Teachers Room | Computer Lab | |
| MBS Library | | MBS 4th sem | MBS 3rd sem | |
| BBS 4th A | BBS 4th B | MBS 2nd sem | MBS 1st sem | |
| Seminar hall | | BBS 3rd A | BBS 3rd B | |
| Campus Chief | Campus Management Committee | BBS 2nd A | BBS 2nd B | |
| BBS IST C | BBS IST D | Account Section | Assistant Campus Chief | |
| BBS IST A | BBS IST B | Library | | |

३.३ क्याम्पसको आर्थिक अवस्था

क्याम्पस संचालनको प्रमुख आयस्रोत विद्यार्थीबाट लिइने शुल्क हो । उक्त आम्दानी दैनिक प्रशासनिक एवम् तलब भत्ताको लागि समेत पर्याप्त नभएकाले समय समयमा क्याम्पस व्यवस्थापन समिति ले निर्णय गरी वित्तिय संघसस्थाबाट ऋण लिएर क्याम्पस संचालन भइरहेको छ । यस्तो समस्या निराकरण गर्नका लागी र दिगो रुपमा क्याम्पस संचालन गर्न वित्तिय कोष खडा गरिनेछ त्यस कोषलाई **कर्मचारी उपदान कोष** Employees Provident Fund ) भनिनेछ । Employees Provident Fund (EPF) कोषमा क्याम्पसको नियमित आम्दानी बाट बार्षिक रुपमा रकम जम्मा गरिने छ । त्यहां कम्तीमा बार्षिक आम्दानीको पांच प्रतिशत जम्मा गर्नु अनिवार्य हुनेछ । त्यसबाट जम्मा भएको रकम क्याम्पसका स्थायी, पुर्णकालिन कर्मचारीहरुले क्याम्पस शिक्षक कर्मचारी नियमावली अनुसार प्राप्त गर्नेछन । यसका लागी क्याम्पस संचालक समितिले आर्थिक नियमावली तयारगरी संचालन निर्देशिका बनाउने छ ।

### ३.४ शिक्षक , कर्मचारी तथा विद्यार्थीहरूको विवरण

क्याम्पस सञ्चालन गर्नका लागि क्याम्पसको विधान, विनियमअनुसार स्थायी, अस्थाई पूर्णकालिन र आंशिक शिक्षक तथा कर्मचारीहरुको व्यवस्था गरिएको छ ।

शिक्षक तर्फ :

| क.सं. | विषय | किसिम | संख्या |
|---|---|---|---|
| १ | व्यबस्थापन | स्थाई | २ |
| २ | तथ्याङ्कशास्त्र | स्थाई | १ |
| ३ | वित्तशास्त्र | पूर्णकालिन | १ |
| ४ | लेखाशास्त्र | पुर्णकालिन | १ |
| ५ | अर्थशास्त्र | पुर्णकालिन | १ |
| | अंग्रेजी | पुर्णकालिन | १ |
| ७ | व्यबस्थापन | आंशिक करार | ७ |
| | जम्मा | | १४ |

कर्मचारी तर्फ:

| क.सं. | शाखा | किसिम | संख्या |
|---|---|---|---|
| १ | लेखापाल | स्थाई | १ |
| २ | लाईब्रेरी कर्मचारी | पुर्णकालिन | १ |
| ३ | सहायक कर्मचारी | करार | १ |
| | जम्मा | | ३ |

विद्यार्थी तर्फ :

क्याम्पस सञ्चालनको प्रमुख आधारनै विद्यार्थी हुन् । क्याम्पसले विद्यार्थीहरुलाई प्रदान गर्ने गुणस्तरीय शिक्षा छात्रवृत्ति लगायत अन्य कुनै पनि सेवा र सुविधामा आफ्नो साधान र स्रोतले भ्याएसम्म लागिपरेको छ । आगामी दिनमा पनि अझ गुणस्तरीय शिक्षा प्रदान गर्न क्याम्पस प्रतिवद्ध छ । शैक्षिक शत्र२०७९ मा क्याम्पसका विद्यार्थी विवरणहरु निम्न लिखित रहेका छन् । यस सम्बन्धी software सन्चालनमा छ । janaprakash.inschoollerp.com

| वर्ष | वी.वी.एस् | जम्मा |
|---|---|---|
| प्रथम | २१६ | २१६ |
| द्वितीय | १२५ | ३४१ |
| तृतीय | ३७ | ३९३ |
| चौथा बर्ष | ३७ | ४१५ |
| जम्मा | | ४१५ |

### ३.५ नतिजा विश्लेषण :

क्याम्पस सञ्चालनको प्रमुख उद्देश्य गुणस्तरीय शिक्षा प्रदान गरी राष्ट्र निर्माणमा योगदान दिन सक्ने दक्ष जनशक्ति उत्पादन गर्नुहो । यसका लागि गुणस्तरीय नतिजा प्रदान गर्नका लागि क्याम्पसले समय समयमा आन्तरिक परीक्षाको समेत व्यवस्था गरेको छ । बार्षिक ३ वटा आन्तरिक परिक्षा लिने व्यबस्था गरिएको छ । त्यसका लागी EMIS software प्रयोगमा रहेको छ ।

(१) बिध्यार्थीह्ररुको उर्तीण दर बिश्लेषण (Pass Trend Analysis)

| Level | 2075/076 | | | 2076/077 | | | 2077/078 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Exam Appeared | Pass out | Passed % | Exam Appeared | Pass out | Passed % | Exam Appeared | Pass out | Passed % |
| BBS 1st year | 88 | | | 45 | | | 125 | | |
| BBS 2nd year | 31 | | | 64 | | | 35 | | |
| BBS 3rd year | 31 | | | 28 | | | 47 | | |
| BBS 4th year | 25 | | | 17 | | | 28 | | |

(२) तह उतीर्ण दर बिश्लेषण ( Graduate Trend Analysis)

क्याम्पसमा स्नात्तक तह अन्तर्गत रहेको बि बि एस को बिगत तिन बर्षको औषत उर्तिण दर ( बिध्यार्थीहरुको संख्या ) निम्नानुसार रहेको छ ।

| Programs<br>Academic Year | | BBS |
|---|---|---|
| 2075/076 | Male | 6 |
| | Female | 6 |
| | EDJ | 4 |
| | Total | 12 |
| 2076/077 | | 3 |
| | Female | 14 |
| | EDJ | 5 |
| | Total | 17 |
| 2077/078 | Male | 2 |
| | Female | 4 |
| | EDJ | 2 |
| | Total | 6 |

३.६ वर्तमान परिवेश अनुसार भावि क्रियाकलाप

३.६.१ क्याम्पसमा सञ्चालन गरिने विषयहरु

क्याम्पसमा हाल सञ्चालनमा रहेका विषयहरुमा विद्यार्थीहरुको आकर्षण कम हुदै गएका अबस्थामा बिध्यार्थीहरुको माग, रुची र बजारको आबस्यकता अनुसारका बिषयहरु थप गर्नुपर्ने देखीन्छ । यसका लागी क्याम्पस संचालक समिती र क्याम्पसको साधारणसभाले समेत आबस्यक निणय गरि ब्यबस्थापन बिषयमा स्नातकोत्तर तथ होटल ब्यबस्थापन बिषयमा स्नात्तक तह को कक्षाहरु सन्चालन गर्ने निर्णय भएको छ । यसका लागी सम्बन्धीन बिश्वबिद्यालयमा आबस्यक निबेदन दिईनेछ । उक्त विषयहरुको अनुमतिका लागि आबस्यक प्रबन्धहरु मिलाईने छ । आगामी ५ वर्ष भित्रमा स्नातक तहका कम्तीमा २ कार्यक्रम तथा स्नातकोत्तर तहको कम्तीमा १ संकाय/कार्यक्रम थप गरी कक्षा सञ्चालन गरिने छ ।

भौतिक अवस्था

## ३.६.२ भौतिक संरचना Infrastructure Development

क्याम्पस स्थापनाको समयमा क्याम्पसको आफ्नो जग्गा जमिन नभएको हुदा भौतिक पूर्वाधार शुन्य रहेको थियो । बि स २०६८ चैत्र ३० गते साबिक लेखनाथ नगरपालिका कार्यलय बाट कि न ८९१ मा रहेको करिब १० रोपनी जग्गा भोकाधिकार प्राप्त भई कानुन बमोजिम दर्ताका बखत क्याम्पसको नाममा दर्ता हुने गरी स्वामित्व हस्तान्तरण गरेको प्रमाण क्याम्पस संग सुरक्षित रहेकोछ । सो जग्गा उपलब्ध गराउन तात्कालिन जनप्रकाश मा.बि बिद्यालय व्यबस्थापन समिती का अध्यक्ष किशानसिह गुरुङ्ग, शिक्षक अभिभावक संघका अध्यक्ष मेजर राम प्रसाद गुरुङ्ग, बिध्यालयका प्र.अ कृणराज पौडेल समेत संचालक समितिका पधाधिकारी तथा सदस्य ज्यूहरु, शिक्षक तथा कर्मचारीहरु, को महत्वपुर्ण योगदान रहको छ । उहाहरु सबैले बैठकबसी, छलफल गरेर माईन्युट गरि जग्गाको हकदाबि समेत क्याम्पसलाई हुनेगरी माईन्युट प्रमाण अनुसार नै लेखनाथ नगरपालिका वडानं १ बरालथर, तथा सबिक लेखनाथ नगरपालिका ले भोगाधिकार जनप्रकाश बहुमुखी क्याम्पसको नाममा हुनेगरी लिखत प्रमाण दिएको छ । जग्गाको भोकाधिकार. प्राप्ती संगै जनप्रकाश बहुमुखी क्याम्पसले आफ्नो भवन निर्माण गर्न कार्यक्रम अगाडी बढाएको हो । हाल क्याम्पस को आफ्नो स्वामित्वको जग्गामा आफ्नो नामको भवन, गेट तथा खेल मैदान रहेका छन ।

क्याम्पसको भुई तलामा ४ वटा कक्षाकोठाहरु रहेका छन । तलाको दायां र बायां बिध्यार्थी र प्राध्यापक कर्मचारीहरु ले प्रयोग गर्न मिल्ने गरी शौचालयको ब्यबस्था गरिएको छ । हालको लागी शौचालय पर्याप्त रहेका छन । भबिस्यमा थप आबस्यक परेमा बढाउन सकिने व्यबस्था छ । भुईतलामा एक पुस्तकालय , प्रसासनका लागी २ कोठा र अध्ययन अध्यापनका लागी ४ कक्षाकोठा को ब्यबस्था मिलाईएको छ । दुई वटा कोठालाई पार्टेसन गरी सहायक क्याम्पस प्रमुख कक्ष, लेखा शाखा कक्ष, अनुसन्धान तथ जर्नल प्रकाशसन कक्ष, अतिरिक्त कृयाकलाप कक्ष, परिक्षा सम्बन्धी कक्ष, SSR ( Self Study Report Cell ), र प्राध्यापकहरु को लागी अलग्गै कक्ष को स्थापना गरिएको छ । यसै गरि क्याम्पसको प्रथम तला लाई श शैक्षिक भवनको रुपमा बिकास गरिएको छ । सोही तलामा क्याम्पस प्रमुखको कोठा, संचालक समितीको लागी कोठा र एउटा मिनिहल को ब्यबस्था मिलाईएको छ । भवनको संरचना आधुनिक खालको भएकोहुदा ४ तलासम्म जानसक्ने अबस्था छ । ४ तलासम्म निर्माण सम्पन्न गर्न सकेमा एउटै भवनमा बिहान र दिउसो दुई सिप्टमा २४२० जना बिध्यार्थीहरु अध्ययन गर्न सक्नेछन ।

आगामी दिनमा क्याम्पसले सुबिधा सम्पन्न हुनेगरी निम्त कक्षहरुको स्थापना गर्ने लक्ष्य लिएको छ । यी कक्षहरु संचालनमा आउन भवन लाई चौथो तलासम्म सम्पन्न गर्नुपर्ने हुन्छ । यसका लागी करिब आगामी ५ बर्षको लक्ष राखीएको छ ।

- बिभागीय कक्षहरु २
- कम्पुटर ल्याव १
- स्थास्थ तथा सामाजिक कल्याण इकाइ १
- सेमिनारहल १
- अनुसन्धान ब्यबस्थापन इकाइ १

➤ सुरक्षागार्ड कोठा

यसरी क्याम्पसलाई चौथो तलासम्म निर्माण सम्पन्न गरी २६ वटा कक्षकोठाहरुमा बिहान र दिउसो शैक्षिक अध्ययन अध्यापन कार्य गराइने लक्ष्य राखिएको छ भने बाकी कोठाहरु मध्ये २ पुस्तकालय, एक सेमिनारहल, एक सभाहल, एक संचालक समितिको कोठा र एउटामा गेष्ट रुप स्थापना गरिने छ। जम्मा साना ठुलागरी २६ कोठा हुनेछन ।

भबिस्यमा क्याम्पस गेटलाई सुरक्षा गार्ड सहित व्यबस्थित गरिनेछ। बिध्यालय संगको अव्यबस्थित आवत जावत लाई तारजालीको पर्खाल लगाएर फरकखालको अनुभुति हुने व्यबस्था मिलाईने छ। यसले भबिस्यमा क्याम्पसलाई परिक्षाकेन्द्र को रुपमा बिकासगर्न सधाऊ पु-याउने छ । क्याम्पसको भोग चलन र भोगाधिकारको जग्गा जमिनलाई कानुनी रुपमा प्रमाण पुर्जा लिने र हक लाई कायम राख्न आबस्यक सबै कार्यहरु गरिनेछ । Hotel Management सन्चालन गर्न बाहिर जग्गाको खोजी र व्यवस्थापन गरिनेछ ।

जागिरे बिध्यार्थीहरु को लागी पोशाक परिबर्तन गर्न छात्र तथा छात्राका लागी भिन्दाभिन्दै Changing Room व्यबस्था गरिएको छ । छात्रहरुको कोठा तयार भैसकेको र छात्राहरुको लागी यसै आर्थिक बर्षमा सम्पन्न हुने छ । छात्राहरुको लागी महिना बारिको समयमा समेत पठन पाठन गर्न सहज होस भन्ने उद्धेस्यले सेनिटरी प्याड भेन्डिङ्ग मेसिन मार्फत निशुल्क रुपमा सेनिटरी प्याड उपलब्ध हुने व्यबस्था मिलाईएको छ। भबिस्यमा यस मेसिन सन्चालन गर्ने जिम्मा क्याम्पसका छात्रा बिध्यार्थीहरु को सेल लाई जिम्मा लगाइने छ । प्रत्येक भवन र तलामा शौचालयहरु को ब्यबस्था गरिने छ । खेलकुदका लागी बास्केटबल कोर्ट को जग्गा लाई ब्यबस्थित गरिनेछ। क्रिकेट, भलिवल, फुटवल तथा अन्य प्रतियोगिताहरु सन्चालन गर्नका लागि बिभिन्न स्थानहरमा सम्झौता समेत गरी खेल मैदानको प्रयोग गरिने छ।

### ३.६.३ आर्थिक अवस्था

क्याम्पसको दैनिक तथा प्रशासनिक कार्य सन्चालनमा समेत नियमित आम्दानीको स्रोत प्रर्याप्त नभएको अवस्थामा थप आम्दानीको स्रोत पहिचान तथा प्राप्तिमा क्याम्पस सन्चालक समिति थप सक्रिय हुनेछ । क्याम्पसलाई दक्ष जनशक्ती उत्पादन गर्ने शैक्षिक संस्थाको रुपमा बिकास गर्नका लागी, बजारको माग बमोजिमको जनशक्ती उत्पादन गर्ने सस्थाको रुपमा बिकास गर्नका लागी र प्रतिस्पर्धी बनाउनका लागी आबस्यक सबै कार्यहरु गरिने छ। अनुसन्धान तथा व्यबस्थापन ईकाइ लाई बजारको माग के कस्तो छ कस्तो शिक्षा निति र कार्यकमहरु सन्चालन गर्न आवस्यक छ भनी कृयाशिल गराईने छ।

क्यामपसको दिगो आम्दानीको स्रोत भनको बिध्यार्थीहरु बाट प्राप्तहुने शुल्क नै हो । क्याम्पसको भौतिक पूर्बधार निर्माणमा बिध्यार्थीहरुलाई शुल्क लगाउनु उपयुक्त हुने छैन त्यसैले निर्माण तथा बिकास का लागी क्याम्पस संचालक समितीले आबस्यक सबै कार्यहरु को दायित्व लिनेछ। सन्चालक समितीले दान तथा उपहारहरुको खोजी, अनुदान सहयोग आदी को खोजी गर्ने छ।

आर्थिक पक्ष बलियो बनाउन निम्न रणनिती अक्तीयार गरिनेछ ।

- चन्दा दाताहरुको खोजी
- जग्गा दाताहरुको खोजी
- वडाहरु, नगर,प्रदेश तथा संधिय सरकारहरु संग सहयोग
- विश्वबिद्यालय अनुदान आयोग संगको सहकार्यमा कार्य गरिनेछ ।
- दातृ निकाय तथा अन्य नियोगहरु को खोजि गरिनेछ ।

३.६.४ शिक्षक कर्मचारी सम्वन्धि व्यवस्था

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको उत्प्रेरणा र सन्तुष्टि विना कार्य सम्पादन प्रभावका नहुने हुँदा कर्मचारीको वृत्ति विकासमा विशेष कार्यक्रम अगाडी बढाइने छ । पूर्णकालिन शिक्षक त कर्मचारीहरुलाई क्रमश : स्थायी बनाउने, आवश्यकता अनुसार कार्य सम्पादनको आधारमा नीति निय बनाइ पदोन्नती गरिनेछ भने योग्य तथा सक्षम व्यक्तिहरुको आकर्षक कार्य क्षेत्रको रुपमा क्याम्पसल विस्तार गरिने छ । क्याम्पसमा कार्यरत कुल प्राध्यापक तथा कर्मचारी मध्ये २५ प्रतिशत स्थायी, २ प्रतिशत लाई पूर्णकालिन र ५० प्रतिशत लाई आंशिक करार को रुपमा नियुक्ती हुने व्यबस्था गरिनेछ आंशिक करार प्राध्यापकहरु को करार बार्षिक रुपमा नबिकरण गर्ने ब्यबस्था मिलाईनेछ । यसरी क नबिकरण गर्दा कार्य सम्पादन तथा मुल्यांकन गरि नबिकरण गर्नुपर्ने छ । प्राध्यापकहरुका हाजिरी, निर गरेको भुमिका, प्राध्यापकले पठन पाठन गरेको बिषयमा बिध्यार्थीहरुको उत्रिण संख्या र प्रतिशत अ लाई मुख्य आधार मानिनेछ । यस बाहेक अन्य मुल्यांकनका आधारहरु फारम बिकास गरी संचाल समितीले लागु गर्ने कर्मचारीहरुलाई स्थायी प्रकृयामा लगिने छ । प्रध्यापक तथा कर्मचारी लाई पुर्णकालि र स्थायी गराउदा क्याम्पसमा अगाडी प्रबेश गरेका, पहिले पुर्णकालिन भएका लाई स्थायी गरिनेछ । र त्रि.बि.बि ले निर्धारण गरे बमोजिम न्यूनतम वेतनको व्यवस्था गरिनेछ । वृत्ति विकासका निम्ति आवश्य तालिम
तथा अध्ययन मार्फत योग्यता वृद्धि तर्फ समेत क्याम्पसले ध्यान दिनेछ ।

३.६.५ **विद्यार्थी संख्या र संकाय तथा बिषय थप**

क्याम्पस सञ्चालनको प्रमुख आधार विद्यार्थी संख्या भएकाले विद्यार्थी संख्या वृद्धिका लागि थप प गरिने छ । आगामी ५ वर्ष को अन्त सम्ममा विद्यार्थीको संख्या १००० (एकहजार ) भन्दा माथि पुर्या छ। यसका लागि समुदायको चाहना बमोजिम विषय तथा संकाय थप गरिने छ भने सूचना प्रसारण प्रचारप्रसारलाई थप जोड दिइने छ । र विद्यार्थीका सुविधा जस्तै छात्रवृत्ति, पुस्तकालय, अतिरि क्रियाकलाप, आधुनिक शिक्षण विधी आदीलाई विस्तार गरिने छ । आगामी ५ बर्ष भित्रमा एम.बि को कक्षा संचालन त्रि बि बाट सम्बन्धन लिएर सन्चालन गर्ने लक्ष राखिएको छ । यसै गरि हे व्यबस्थापन बिषयमा स्नात्तक तहको पठन पाठनका लागी आबस्य कार्य अगाडी बढाईने छ । त्रि वि संम्बन्धन लिएर वा अन्य विश्वबिध्यालय बाट पनी संबन्धन लिन प्रयास गरिनेछ । होटल व्यवस्थ संचालनका लागी कास्की जिल्ला पोखरा महानगरपालिक वडानं २९ संग जग्गा को माग गरिनेछ । यस वडाले जग्गाको ब्यबस्था गर्न नसकेमा वा नचाहेमा पोखरा महानगरपालिका का अन्य वड २६,२७,२८,३०,३१,३२ र ३३ आदीमा जग्गाको खोजी गरिनेछ ।

### ३.६.६ भौतिक संरचना

दोस्रो रणनीतिक योजनाको अन्तिममा क्याम्पसमा सुविधा सम्पन्न प्रविधियुक्त कक्षाकोठाहरु, खेल मैदान, चमेनागृह, पुस्तकालय, ल्याव लगायत आवश्यकता अनुसार भौतिक पूर्वाधार पुरा तयार गरिनेछ । उक्त कार्यका लागि निर्माणाधिन भवनको सम्पन्न तथा सहयोगी नियकाबाट निमार्ण हुने भवनको निमार्ण कार्यलाई तिव्रता दिइनेछ । उक्त भवन लाइं अपाङ्ग मैत्री बनाइंने छ ।

### ३.६.७ गुणस्तर वृद्धि

क्याम्पसमा सञ्चालित कार्यक्रमहरु प्रतिस्पर्धी क्याम्पसहरुको भन्दा अझ गुणस्तरीय र नतिजामुखी बनाउनको लागि यसै वर्ष देखि थप पहल गरिनेछ । पाठयोजना सहितको पठन पाठन, श्रव्यदृष्य सामाग्रीको प्रयोग, इन्टरनेटमा सम्पूर्ण विद्यार्थीको पहुँच तथा आवश्यकताअनुसार थप कक्षा सञ्चालन यसै वर्ष देखि लागू गरिनेछ । आगामी ५ वर्षमा नतिजाको स्तर औषतमा ४० प्रतिशत भन्दा माथि पुऱ्याइनेछ । अनुसन्धानमा लाग्नु हुने शिक्षक कर्मचारी तथा विद्यार्थीलाई थप प्रोत्साहन गरिनेछ भने आवश्यकता अनुसार क्याम्पसबाट आर्थिक सहयोग उपलब्ध गराइनेछ । आगामी वर्ष देखि नतिजाको आधारमा शिक्षकहरुलाई पुरस्कार तथा दण्ड सजाय दुवैको व्यवस्था गरिनेछ । अनुसन्धान कार्यमा लाग्ने शिक्षकहरुलाई लघु अनुसन्धानका कार्यक्रमहरु समेत सञ्चालन गरिनेछ ।

खण्ड-चार
दृष्टि, अभियान, लक्ष्य र उद्देश्य

## ४.१ Vision (दृष्टि )

उच्च शिक्षाको स्थानिय तथा राष्ट्रिय आवश्यकतालाई पूरा गर्नका लागि गुणस्तरिय शिक्षा, अनुसन्धानात्मक शैक्षिक अभिवृद्धि र क्याम्पसमा दक्ष एवम् प्रभावकारी सुशासन कायम गरी उत्कृष्ट शैक्षिक गुणस्तर सृजना गर्ने ।

Creating excellence in education through quality education, promotion of research and by adopting effective and efficient governance in the campus to serve the local and national needs of higher education.

## ४.२ Mission (अभियान)

जनप्रकाश बहुमुखी क्याम्पस किफायती र उचित मूल्यमा समुदायका लागि गुणात्मक स्नातक र स्नाकोत्तर तहको शिक्षा प्रदान गर्न स्थापना भएको संस्था हो । हामि सामाजिक कार्यकर्ता र विज्ञहरुको संयुक्त सहभागिता द्वारा शिक्षा मार्फत शिक्षित समुदाय, समाज र राष्ट्रको निर्माण गर्न प्रतिबद्ध छौ ।

JPMC strives to develop innovative, creative, disciplined and responsible citizens through quality education who can change the society and the nation with practical knowledge and applied skills.

## ४.३ Goals (लक्ष्य)

- गुणस्तरिय संकारका पद्धती र अभ्यासहरुलाई संस्थागत गरी गुणस्तरिय शिक्षा सुनिश्चित गर्ने ।
- शैक्षिक गतिविधीहरुको प्रभावकारी सञ्चालन द्वारा अनुसन्धान तथा क्षमता अभिवृद्धि गर्ने
- राष्ट्रिय तथा अन्तराष्ट्रिय आवश्यकता बमोजिमको गुणस्तरिय जनशक्ति उत्पादन गर्ने
- क्याम्पसलाई स्नात्तक तहमा BHM, BTTM संभावना भएका अन्य बिषयहरुथपगरी संचालन गर्ने
- स्नात्तकोतर तहमा MBS, MBA , अन्य सम्भावना भएका बिषयहरु संचालन गर्ने
- स्नात्तक तहमा प्राविधिक, रोजगारी सृजनागर्ने तथा स्वायत्त कार्यक्रमहरु संचालन गर्ने
- क्याम्पसले दिर्घकालिन आयस्रोतको पहिचान गरी आर्थिक रुपमा सबल बनाउने
- क्याम्पसले प्रदानगरेको शिक्षा अझ नतिजामुखी बनाउने
- विश्वविध्यालय अनुदान आयोग, गुणस्तर मापन तथा प्रत्यायन शाखाद्वारा अब्वहान गरिए बमोजिम गुणस्तर कायम गर्दै QAA प्रमाणपत्र लिने
- online , Digitalization आदी माध्यमहरु लाई अपनाउने
- Journal publication, Mini Research आदी क्षेत्रमा कार्यगर्ने
- बजारको माग बमोजिमका कार्यक्रमहरु सन्चालनगरी रोजगारीका अवसर प्रदान गर्ने
- समुदायसंग सुमधुर सम्बन्ध राख्दै सबैको अपनत्वको महसुस गराउने

## ४.४ Objectives (उद्धेश्यहरु)

- प्रभावकारी शिक्षण सिकाई कियाकलाप तथा शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी योग्य, दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने ।
- विद्यार्थीहरुलाई सुविधा सम्पन्न कक्षाकोठा, पुस्तकालय, खेलमैदान, प्रयोगशाला, खाजाघर जस्ता भौतिक सुविधाहरु उपलब्ध गराउने ।
- विद्यार्थी तथा शिक्षकलाई खोज तथा अनुसन्धान मा प्रोत्साहन गरी आधुनिक र प्रभावकारी शिक्षण सिकाई पद्धती कायम गर्ने ।
- विद्यार्थी तथा अविभावकहरुका गुनासाहरु समाधान गर्दै उनीहरु लाई सन्तुष्टि प्रदान गरी भर्ना दर वृद्धि गर्ने ।
- प्रभावकारी शिक्षण सिकाई पद्धती कायम गर्ने ।
- संस्थाको आर्थिक तथा प्रशासनिक पक्षलाई चुस्तदुरुस्त बनाउने ।

- To produce capable, competent and competitive manpower through effective teaching learning activities and increment of competencies of teachers and employees.
- To provide students with well facilitated infrastructures like classrooms, library, playground, lab, canteen etc.
- To maintain modernized and effective teaching learning process by encouraging students and teachers to research and investigation.
- To solve students' grievances/complaints and increase admission rate through students/parents' satisfaction.
- To maintain transparent administration and economic activities

## खण्ड-पाँच

## रणनीतिक योजना

स्थापना कालदेखि क्याम्पस आफ्नै विधान र विनियममा आधारीत भएर विभिन्न शैक्षिक प्रशासनिक तथा आर्थिक कार्यहरु संचालन गर्दै आएको छ । समय सापेक्ष यसको वृद्धि विकास गर्नका लागि योजनावद्ध कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी पहिलो पन्चबर्षिय रणनीतिक योजन २०७४-०७८ लागु गरि कार्यहरु सम्पन्न गरिसकिएको छ । यस अवधिमा क्याम्पसले महत्वपुर्ण बिकासका कार्यह्रु गर्न सफल समेत भएको छ । आगामी पाच बर्षका लागी क्याम्पसले दोस्रो पन्चबर्षिय योजना २०७८- ०८३ तयारगरी लागुगर्नै निर्णय गरिएको छ । यसका लागी विभिन्न सरोकार वालाहरुको सुझाव तथा सम्वन्धित विषय विशेषज्ञहरुको समेत सुझाब लिएर क्याम्पसको योजना तथा अनुगमन समिती ले तयारगरी क्याम्पस सन्चालक समितीद्धारा अनुमोदन गरी लागु गरिएको छ ।

### ५.१ आवश्यक नीति नियमको तर्जुमा

यस क्याम्पसको स्थापना र संचालन जनप्रकाश बहुमुखी क्याम्पसको विधान र नियमावली को अधिनमा रही त्रि.बि को ऐन नियमसंग नबाझिने गरी तयार पारीएको क्यामपस संचालन निर्देशिका अनुसार हुदै आएको छ । समय समयमा बिश्वबिध्यालयं अनुदान आयोग र सम्बन्धन दिने बिश्वबिध्यालयले जारी गर्ने निर्देशिका तथा सुचनाहर बमोजिम बिधान र नियमावली हरु लाई अध्याबधिक गरिने ब्यबस्था मिलाइएको छ । बिधान र निर्देशिकाहरुको परीधि भित्ररहि शिक्षक कर्मचारी विनियम तयार गरि लागू गरिएको छ । क्याम्पसबाट गरिने सम्पूर्ण क्रियाकलापहरु उक्त विधान र विनियमको परीधि भित्र रही सम्पादन गरिएका छन् । आफनै जनशक्ति उत्पादन गर्ने उद्देश्य अनुरुपको नीतिनियम तर्जुमा गरी अध्ययन तथा अनुसन्धानको लागि शिक्षक कर्मचारीलायं प्रोत्साहन गर्ने किसिमको विनियम तथा नितिहरु तर्जुमा गरिनेछ । यस बाहेक यो क्याम्पस लाई मार्गनिर्देशनका लागी त्रि.बि नियमाबली, निर्णयहरु र बिश्वबिद्यालय अनुदान आयोगले गरेको उत्प्रेरणा लाई अनुसरण गरिनेछ ।

### ५.१.१ नीति नियमको पुनः संरचना तथा शंसोधन

विद्यमान विधान र विनियमको परीधिभित्र रहि आवश्यकता अनुसार विनियमहरु र निर्देशिकाहरुको शंसोधन गरिने छ । यस्तो संसोधन क्याम्पस संचालक समितीले गर्न सक्नेछ ।

### ५.१.२ साझेदारी रणनीति

यस क्याम्पसको दिगो सञ्चालनका लागि सबै साझेदारहरु संग सुमधुर र सम्बन्ध कायम गरिनेछ । लेखनाथ उधोग बाणिज्य संघ, पोखरा उधोग बाणिज्य संघ, पर्यटन ब्यबसायी र सम्बद्ध एसोसियसनहरु , बैक तथा बित्तिय संस्थाहरु, क्लब तथा अन्य संगठनहरु, रार्जनितिक दल तथा जात जाती तथा भाषा भाषीका संगठनहरु आदी संग सम्बन्ध बिस्तार गरिनेछ । उनीहरुसंग मिलेर काम गरिनेछ ।

५.१.३ मुख्य साझेदारहरु र अन्य शैक्षिक तथा प्रशासनिक निकायहरुसंग सम्वन्ध

यस क्याम्पस त्रि.वि.बाट सम्वन्धन प्राप्त भएकाले मुख्य साझेदारी संस्था त्रि.वि.नै रहने छ । साथै स्थानिय रुपमा स्थापित विभिन्न शैक्षिक तथा सामाजिक संघसंस्थाहरुसँग हातेमालो गर्दै यस क्याम्पस पनि स्थानिय स्तरमा आफ्नो छवीलाई उच्च बनाउन लागि पर्ने छ । प्राथमिकताका आधारमा निम्न संघसंस्थाहरुको सम्वन्ध थप उचाइमा पुऱ्याउन आवश्यक कदम अगाडी बढाइने छ ।

- त्रिभुवन विश्वविद्यालय
- विश्वविद्यालय अनुदान आयोग
- आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पसहरु
- स्थानियक निकायहरु
- छिमिकी र प्रसिद्धी कमाएका विभिन्न सामुदायिक क्याम्पसहरु
- नेपाल पब्लिक क्याम्पस संघ
- जनप्रकाश मा बि र अन्य सबै छिमेकी मा.वि.हरु
- अन्य शैक्षिक संस्थाहरु
- स्थानिय स्तरमा रहेका सामाजिक संस्थाहरु

५.१.४ **रणनीतिक योजना Strategic Plan को औचित्य**

क. क्याम्पस स्थापना र संचालनको अभियानलाई सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा लक्ष्यसम्म पुऱ्याउन यसले ठोस योगदान पुऱ्याउनेछ ।

ख. क्याम्पसका दीर्घकालिन , अल्पकालिन र आवधिक योजना र कार्यक्रमहरुको कार्य सम्पादन कार्यान्वयनको प्रभावकारीता बृद्धि गर्ने छ ।

ग. क्याम्पसको शैक्षिक कार्यक्रम विस्तार, गुणस्तर वृद्धि , प्रशासनिक क्षमता अभिवृद्धि र विद्यार्थी पहुँच तथा सेवा विस्तारका लागि उपयुक्त नीति तर्जुमा गर्न दिशा निर्देश गर्ने छ ।

घ. क्याम्पसका चुनौतिलाई सामना गर्दै सम्भावना र अवसरलाई साकार पार्ने क्षमता अभिवृद्धि गर्ने छ ।

ङ. क्याम्पसलाई आवश्यक पर्ने साधन र स्रोत जुटाउन विशेष योगदान पुऱ्याउने छ ।

च. क्याम्पसलाई भौतिक रुपले सम्पन्न पार्नका लागि आवश्यक पर्ने संरचनाहरु निर्माण र साधनहरु खरिदका लागि आवधिक योजना निर्माणमा मद्दत गर्ने छ ।

छ. क्याम्पसलाई उत्कृष्ट सामुदायिक शैक्षिक केन्द्रको रुपमा विकास गर्न सामाजिक आधार तयार गर्ने छ ।

**५.१.५ रणनीतिक योजनाका उद्देश्यहरु**

क. क्याम्पसको शैक्षिक कार्यक्रम विस्तार र गुणस्तर अभिवृद्धि गर्न

ख. क्याम्पसलाई संस्थागत रुपमा उचित व्यवस्थापन सुदृढिकरण र कार्य सम्पादन क्षमताको विकास गर्न

ग. मानवसंशाधनको समुचित प्रवन्ध र क्षमता वृद्धि सम्बन्धि कार्यक्रम सञ्चालन गर्न

घ. सरोकार वालाहरुको सहकार्यमा क्याम्पसको सर्वाङ्गीण विकास गर्न

ङ. क्याम्पसलाई उच्च शैक्षिक केन्द्रको रुपमा विकास गर्न स्थानिय साधन र स्रोतको पहिचान र परिचालन गर्ने

च. विश्वविद्यालय लगायत अन्य दातृ निकायहरुबाट प्राप्त सहयोग र अनुदानबाट सञ्चालित कार्यक्रमहरुलाई सु-व्यवस्थित गर्न तथा बजेटको सदुपयोग गर्ने

## ५.१.६ रणनीतिक योजनाका प्राथमिकताका क्षेत्रहरु

